Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३०३ | वि.सं. २०८२ फागुन ११ सोमवार | नेपाल संवत: ११४५, फाल्गुण शुक्लपक्ष षष्ठी | Monday 23 February 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# निष्प्रभावी कानूनले चुनावमा अनलाईन दुर्व्यवहार भोग्दै महिला उम्मेदवार

**निर्वाचन आचारसंहिता मात्र होइन, साइबर अपराध र मानहानि सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन प्रभावहिन बन्दा महिला उम्मेदवारमाथी साइबर आक्रमण छताछुल्ल बनिरहेको एमाले नेतृ बराल बताउँछिन । चुनावको समयमा होस् वा अन्य समयमा सामाजिक सञ्जाल वा प्रविधिको प्रयोग गरी महिलामाथी हुने हिंसात्मक प्रहारले उनीहरुको व्यक्तिगत, पारिवारिक र सामाजिक प्रतिष्ठामाथि गम्भीर आँच आइरहेको उनले बताइन ।**




**ओम शाही**
**सुर्खेत, १० फागुन ।**

कालीकोटको रास्कोट नगरपालिका-८, की यसोदा बराल यति बेला प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारमा छिन् । नेकपा एमालेकी नेतृ बराल आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फको उम्मेदवार छन् । चुनावको समय भएकाले बरालको फेसबुक फिडमा दिनहुँजसो राजनीतिक पोष्टहरु आइरहेका हुन्छन् ।

उनले फेसबुकमार्फत पार्टीका उम्मेदवारलाई भोट दिन आग्रह गरेकी हुन्छिन् । पार्टीले गरेका राम्रा कामको प्रचार गर्ने माध्यम उनले सामाजिक सञ्जाललाई बनाएकी छन् । बिडम्बना उनलाई फेसबुकको कमेन्ट बक्समा आउने नकरात्मक टिप्पणीले हैरानी व्यहोर्नुपर्ने बाध्यता छ । उनको वालमा आउने कमेन्ट यतिसम्मका घृणाजन्य छन्, जो परिवार तथा आफन्तले हेर्नै नसकिने खालका छन् ।

उनले स्टाटस फेसबुकमा राख्ने बित्तिकै नकरात्मक कमेन्टको वर्षा हुन थाल्छ । 'चिन्दै नचिनेका त्यसमा पनि नक्कली एकाउण्टबाट चरित्र हत्या गर्ने, राजनीतिमा लागेकै भरमा पुरुषसँग जोडेर नानाभाती हिंसात्मक शब्दहरु प्रयोग हुने गरेका छन्, ' उनी भन्छिन्, 'कमेन्टमा दुर्व्यवहारजन्य शब्द लेख्नेलाई ब्लक गरेपनि फेरी अर्को नामबाट अश्लिल र नकरात्मक शब्दहरु कमेन्टमा आउँछन् ।' परिवारका सदस्यका नजिक बसेर पढ्न नमिल्ने कमेन्टहरु आउने गरेको बताउँदै उनले कतिपय अवस्थामा परिवारका सदस्यहरुले डरको महशुस गरेर फेसबुकमा पोष्ट नगर्न दवाव दिने गरेको गुनासो गरिन ।

उनी भन्छिन्, 'स्वतन्त्रता सबैको हुन्छ, तर सामाजिक सञ्जालमा अराजकता निकै छ । म जस्ता धेरै महिला दिदी बहिनीहरु छन् । मेरो पार्टीको अध्यक्षलाई सपोर्ट गर्न नपाइने भन्ने त हुँदैन होला नि ?' अनावश्यक कमेन्टको बाढी आउन थालेपछि अहिले कसैलाई प्रतिक्रिया नदिने गरेको उनी बताउँछिन । नकरात्मक टिप्पणी गर्नेहरुको संख्या धेरै हुने र पहिचान गर्न झन्झट हुने हुँदा कानुनी प्रक्रियामा जानै नसकेको उनले बताइन ।

'व्यक्तिगत विषय सामाजिक सञ्जालमै राख्न नपाउने भन्ने त हुँदैन होला नि ?', उनि भन्छिन्, 'बोल्ने स्वतन्त्रता छ भन्दैमा अर्काको प्रतष्ठिामाथि धावा बोल्न कसैलाई छुट छैन । उनीहरुलाई कानुन बमोजिम कारवाही हुनुर्छ ।' उनलाई सामाजिक सञ्जालको कमेन्ट बक्समा फलानाकी श्रीमती लगायतका घृणास्पद र अपमानजन्य शब्दहरु बढी प्रयोग भएका छन् । उनले चुनाव र नेकपा एमालेलाई लक्षित गरेरका हरेक पोष्टहरुमा अधिकांशले दुर्व्यवहारजन्य शब्दहरु प्रयोग गरेको देखिन्छ । टिप्पणीकर्ताहरुले असान्दर्भिक तस्वीरसमेत व्यापक प्रयोग गरिरहेका छन् ।

यसोदा जस्तै सामाजिक सञ्जालमा नकरात्मक टिप्पणी पाउनेमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृ विनिता कठायत पनि छन् । जुम्लाबाट रास्वपा उम्मेदवार रहेकी कठायत एक्ली महिला उम्मेदवार हुन् । उनलाई चुनाव नजिकिदै गर्दा नकारात्मक टिप्पणीको चुनौती सामना गर्नु परेको छ । उनलाई कमेन्ट गर्नेहरुमा पुरुषको नाम भएका फेसबुक खाताहरु धेरै छन् । त्यसमा पनि नक्कली खाताहरु बढी छन् । केही समयअघि फरक सन्दर्भमा प्रयोग भएको विनिताको अभिव्यक्ति अहिले कमेन्ट बक्समा टिप्पणी गर्ने माध्यम बनेको छ ।

उनी भन्छिन्, 'यति बेला म चुनावी प्रचारमा छु, मलाई मतदाताबाट सुभेच्छा प्राप्त भइरहेको छ । तर सामाजिक सञ्जालमा आउने नकरात्मक टिप्पणीले हैरान बनाएको छ । विहे नगरी बच्चा जन्माउनलाई केटा पठाइ दिउँ भन्दै कमेन्ट गर्छन । उनीहरुलाई लाग्छ होला तर म हतोत्साहित हुने मान्छे परिन ।' चिनेजानेका

बाँकी ४ पेजमा

## प्रभावहिन कानुनले मौलाउँदो अराजकता

आगामी २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले गएको ४ माघबाट निर्वाचन आचारसंहिता-२०८२ कार्यान्वयनमा ल्याएको छ । उक्त आचार संसिहतामा भनिएको छ, 'सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता टिप्पणी गर्न वा गराउन हुँदैन ।'

आचारसंहितामा कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री उत्पादन, प्रकाशन वा प्रसारण गर्न नहुने उल्लेख गरिएको छ । आयोगले जारी गरेको निर्वाचन आचार संहितामा महिला उम्मेदवारलाई अश्लील वा घृणित टिप्पणी गुर्न आचारसंहिताविपरित हुन्छ ।

आपरुलाई निर्वाचन आचारसंहिताविपरितको व्यवहार भए निर्वाचन आयोगमा लिखित, मौखिक,

बाँकी ३ पेजमा

नेपालगन्ज भन्सारः

## सात महिनामा लक्ष्यको ४५ प्रतिशत राजस्व सङ्कलन




**युग संवाददाता**
**बाँके, १० फागुन ।**

नेपालगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा लक्ष्यको ४५ प्रतिशत राजस्व सङ्कलन गरेको छ । चालु आव २०८२/८३ का लागि वार्षिक लक्ष्य रु २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार निर्धारण भएकामा माघ मसान्तसम्ममा मात्र रु ११ अर्ब चार करोड ६५ लाख ८५ हजार अर्थात् लक्ष्यको ४५.०१ प्रतिशत असुली भएको भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले बताए । उनका अनुसार लक्ष्य पूरा गर्न बाँकी रहेका पाँच महिनामा ५५ प्रतिशत राजस्व सङ्कलन गर्नुपर्ने चुनौती छ ।

भन्सार कार्यालयको मासिक लक्ष्यअुनसार हालसम्म कुनै पनि महिनामा राजस्व सङ्लन हुनसकेको छैन । चालु आवको साउन, भदौ, असोज, कात्तिक, मङ्सिर, पुस र माघमा क्रमशः लक्ष्यको ७४, ६९, ८७, ७२, ८३, ८३ र ८८ प्रतिशतमात्र राजस्व असुली भएको छ । आव २०८१/८२ मा नेपालगन्ज भन्सारले लक्ष्यको ७४.६४ प्रतिशत राजस्व सङ्कलन गरेको थियो भने आव २०८०/८१ मा ६३.३५ प्रतिशत राजस्व सङ्कलन गरेको थियो ।

नेपाल-भारत सीमाको जमुनाहनाकामा एकीकृत जाँचचौकी सञ्चालनमा आएपछि आयात-निर्यात वृद्धि भई भन्सार राजस्व वृद्धि हुने अपेक्षा गरिए पनि केही वर्षयता लक्ष्य पूरा हुन नसकेको भन्सार प्रमुख पौडेको भनाई छ । उनले चालु आवको सात महिनामा गत आवको सात महिनाको तुलनामा रु नौ करोड २४ लाखभन्दा बढी राजस्व सङ्लन भएको उल्लेख गर्दै लक्ष्य पूरा हुन नसके पनि राजस्व सङ्कलन वृद्धि हुने क्रममा रहेको बताए । गत आवको सात महिनामा नेपालगन्ज नाकाबाट रु १० अर्ब ९५ करोड ४१ लाख ८४ हजार राजस्व सङ्कलन भएको थियो ।

नेपालगन्ज भन्सारमा चालु आवको साउनमा रु एक अर्ब ८६ करोड ६५ लाख ४६ हजार लक्ष्य रहेकामा ७४.१४ प्रतिशत रु एक अर्ब ३८ करोड ३७ लाख ८४ हजार, भदौमा रु एक अर्ब ९३ लाख ६४ हजार ५४ लक्ष्य रहेकामा ६९.७७ प्रतिशत रु एक अर्ब ३५ करोड १० लाख नौ हजार राजस्व सङ्कलन भएको छ ।

त्यसैगरी, असोजमा रु एक अर्ब ९८ करोड ३१ लाख ३० लक्ष्य रहेकामा रु एक अर्ब ७४ करोड १६ लाख पाँच हजार, कात्तिकमा रु दुई अर्ब १२ करोड ६१ लाख ३० हजार लक्ष्य रहेकामा रु एक अर्ब ५३ करोड ७० लाख ८२ हजार, मङ्सिरमा रु एक अर्ब ९६ करोड ३६ लाख १४ हजार लक्ष्य रहेकामा रु एक अर्ब ६३ करोड ८५ लाख १० हजार, पुसमा रु दुई अर्ब तीन करोड ४५ लाख २१ हजार लक्ष्य रहेकामा रु एक अर्ब ६९ करोड ४४ लाख १३ हजार र माघमा रु एक अर्ब करोड ६९ लाख ४० हजार लक्ष्य रहेकामा रु एक अर्ब ७० करोड एक लाख ८२ हजार राजस्व सङ्कलन भएको छ ।

नेपालगन्ज भन्सार कार्यालयको तथ्याङ्कअनुसार अघिल्लो आव २०८१/८२ को साउनमा लक्ष्यको ७३.६७ प्रतिशत, भदौमा लक्ष्यको ६६.६२ प्रतिशत, असोजमा ६६.९१ प्रतिशत, कात्तिकमा ७६.४४ प्रतिशत, मङ्सिरमा ७६.२७, पुसमा ७१.१५ प्रतिशत र माघमा ७५.१३ प्रतिशत राजस्व सङ्कलन भएको थियो ।

**निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।**

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

**हरित निर्वाचन अभियानलाई सफल पारौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA
TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# नागरिक मतदानबाट बञ्चित नहुन् !

आसन्न २१ फागुनमा तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब १० दिन बाँकी छन् । सरकारले देशव्यापी निर्वाचनको तयारी अन्तिम चरणमा पुऱ्याएको छ । निर्वाचन सामग्री र मतपत्र ढुवानीदेखि कर्मचारी खटनपटनको काम अधिकांश जिल्लामा सम्पन्न भएको छ । तर, कर्णाली प्रदेशका तीन जिल्लामा मौसमी प्रतिकुलताका कारण चुनाव हुने वा नहुने भन्नेमा अन्यौलता कायमै छ । कर्णालीका अन्य जिल्लामा निर्वाचन सामग्री र मतपत्र ढुवानी, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीहरु मतदान स्थलमा खटिने तयारी रहदा हुम्ला, डोल्पा र मुगुका उत्तरी क्षेत्रमा भने मतदातासमेत घर पुग्न पाएका छैनन् । यति मात्रै होइन चुनाव प्रचारका लागि उम्मेदवारसमेतलाई मौसमी प्रतिकुलताले छेकिरहेको छ । वर्षेनी मंसिर यता यी जिल्लामा बाक्लो हिमपात भएपछि स्थलमार्गहरु पूर्णरुपमा बन्द हुने गर्छन । उत्तरी क्षेत्रमा पर्ने बस्तीहरुमा पुग्न प्रयोग हुने लेकहरुमा बाक्लो हिउँ जमेकाले अहिलेकै अवस्थामा मतदाता गाउँ पुग्न सम्भव नरहेको जनप्रतिनिधिहरुले नै बताइरहेका छन् । हिमालपारीका बस्तीमा चुनावको प्रचारका लागि उम्मेदवारसमेत पुग्न सकेका छैनन् ।

मतदाता जिल्ला सदरमुकाम, काठमाडौं, कोही चीनको ताक्लाकोट गएका छन् । हिमपातले स्थलमार्ग अवरुद्ध भएकोले तत्काल गाउँ फर्कने सम्भावना देखिँदैन । सकारले चुनावको तयारी तीव्र पारेको छ, तर गाउँ जाने स्थलमार्ग खोल्नतर्फ ध्यान दिएको छैन । मतपत्र र कर्मचारीलाई मात्र हेलिकप्टरमा उडाएर चुनाव सम्भव नुहने हिमाली क्षेत्रमा पर्ने पालिकाका जनप्रतिनिधिहरुले सरकारको ध्यानाकर्षण गराइरहेका छन् । उनीहरुका अनुसार हरेक वर्ष भारी हिमपात हुने भएकाले अधिकांश नागरिक मंसिर पहिलो साता गाउँ छाड्ने गर्दछन् । उनीहरु बैशाखमा मात्र गाउँ फर्कने गर्दछन् । अहिले भारी हिमपातपछि हिमाली क्षेत्र पुग्ने स्थलमार्ग पूर्ण रूपमा बन्द छन् । जसले नागरिकहरुको मतदानमा सहभागी हुन पाउने अधिकार खोसिने खतरा बढ्दै गएको छ । चुनावको तयारी तीव्र बनाएको दावी गरेपनि यो समय हिमाली क्षेत्रका नागरिकका लागि उपयूक्त समय हो वा होइन भन्ने विषयमा सरकार अझै अन्यौल बनेको देखिन्छ ।

चुनावको मिति घोषणा गरेर मात्र हुँदैन । निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो । जहाँ नागरिकले आफुलाई मन परेका उम्मेदवारलाई रोज्न पाउँछन् । यो अवसरबाट हिमाली क्षेत्रका नागरिकहरु कुनैपनि हालतमा छुट्नु हुँदैन । चुनावको मिति नजिकिएसँगै हिमाली क्षेत्रका मतदाता र उम्मेदवारलाई तत्काल गाउँ जाने विषयमा सरकारले विकल्प दिनुपर्दछ । भौगोलिक रुपमा विकट र हिउँ पन्छाउन नसकिने स्थानको विकल्प खोजेर अन्य स्थान वा हेलिकप्टरबाट भएपनि मतदाता र उम्मेदवारलाई गाउँ लैजाने वातावरण सरकारले यथासिंघ्र मिलाउनतर्फ ध्यान दिन आवश्यक छ । चुनाव गर्ने नाममा मतदाता र उम्मेदवारलाई बाइपास सरकारले नगरोस् । हिमाली क्षेत्रका नागरिकलाई मतदानमा सहमागि गराउने मात्र नभई उनीहरुको उपस्थिती अनिवार्य गराउनु सरकारको पहिलो दायित्व हो । यसर्थ, मौसमी प्रतिकुलताको नाममा हिमाली क्षेत्रका नागरिकहरु मतदानबाट बञ्चित नहुन् । निर्वाचनको मिति घर्कदै जादा छलफलभन्दा पनि निर्णायक कमद चाल्नतर्फ राज्यका निकायले ध्यान दिन आवश्यक छ ।

## विश्व

# पाक-अफगान सीमा तनाव चुलियो

**बिहसुद,१० फागुन ।** पाकिस्तानले आइतबार छिमेकी अफगानिस्तानको सीमा क्षेत्रमा गरेको व्यापक हवाई आक्रमणपछि दुई देशबीचको तनाव थप चुलिएको छ । इस्लामाबादले पाकिस्तानमा हालै भएका आत्मघाती बम विस्फोटका घटनाको प्रत्युत्तरस्वरूप अफगानिस्तानमा आधारित आतङ्कवादी समूहहरूलाई लक्षित गरी सात स्थानमा कारबाही गरिएको जनाएको छ भने काबुलले ती आक्रमणमा महिला र बालबालिकासहित दर्जनौँ निर्दोष सर्वसाधारण मारिएको दाबी गरेको छ ।

रातभर सञ्चालन गरिएको यो आक्रमणलाई अक्टोबरमा सीमामा भएको भीषण झडपयता सबैभन्दा ठूलो सैन्य कारबाही मानिएको छ । त्यसबेला दुवै पक्षका ७० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको थियो र सयौँ घाइते भएका थिए । पछिल्लो आक्रमणपछि सीमा क्षेत्रमा पुनः असुरक्षा र त्रास फैलिएको छ ।

पाकिस्तानको सूचना तथा प्रसारण मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पाकिस्तानी तालिबान, उसका सहयोगी समूहहरू तथा इस्लामिक स्टेटसँग सम्बद्ध तत्वहरूलाई लक्षित गरिएको उल्लेख गरिएको छ । इस्लामाबादले तालिबान नेतृत्वले बारम्बार आग्रह गरिँदा पनि पाकिस्तानविरुद्ध अफगान भूभाग प्रयोग गर्ने समूहहरूमाथि कारबाही गर्न असफल भएको आरोप लगाएको छ ।

तर अफगानिस्तानको रक्षा मन्त्रालयले नान्गरहार र पक्तिका प्रान्तका मदरसा र घरहरूमा आक्रमण हुँदा 'महिला र बालबालिकासहित दर्जनौँ निर्दोष नागरिक शहीद र घाइते भएको' जनाएको छ । मन्त्रालयले पाकिस्तानी आक्रमणको 'उचित र सुनियोजित जवाफ दिइने' चेतावनी दिएको छ ।

नान्गरहारको बिहसुद जिल्लाबाट एएफपीका पत्रकारले दुर्गम पहाडी गाउँमा स्थानीय बासिन्दाहरू भग्नावशेष पन्छाउँदै शव खोजिरहेको दृश्य देखिएको बताएका छन् । उद्धारमा खटिएकाहरूले बेलचा र उत्खननका साधन प्रयोग गरी ढलेका संरचनामुनि पुरिएका आफन्तलाई निकाल्ने प्रयास गरिरहेका थिए ।

छिमेकी ३७ वर्षीय अमिन गुल अमिनले 'यहाँका मानिसहरू सामान्य बासिन्दा हुन्, सबै आफन्तजस्तै हुन्' भन्दै बम विस्फोटपछि बाँचेकाहरूले मद्दतका लागि चिच्याएको सुनिएको बताए । नान्गरहार प्रहरीका प्रवक्ता सैयद तैयब हम्मादका अनुसार मध्यरातमा सुरु भएको बमबारी तीन जिल्लासम्म फैलिएको थियो । उनले एकै घरमा रहेका २३ सदस्य प्रभावित भएको र पाँच जना घाइतेलाई जीवितै उद्धार गरिएको जानकारी दिए ।

सन् २०२१ मा तालिबानले अफगानिस्तानको सत्ता पुनः नियन्त्रणमा लिएपछि दुई देशबीचको सम्बन्ध निरन्तर तनावपूर्ण रहँदै आएको छ । अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घीय मिसनका अनुसार पाकिस्तानी सैन्य कारबाहीका कारण अक्टोबरदेखि डिसेम्बरसम्म ७० अफगान सर्वसाधारण मारिएका थिए ।

कतार र टर्कीको मध्यस्थतामा प्रारम्भिक युद्धविराम भए पनि बहुपक्षीय वार्ताले स्थायी सहमति दिन सकेको छैन । यसै महिनामा अफगानिस्तानले नियन्त्रणमा राखेका तीन पाकिस्तानी सैनिकको रिहाइमा साउदी अरेबियाले मध्यस्थता गरेको थियो । यद्यपि सम्बन्ध सुधारतर्फ ठोस प्रगति देखिएको छैन र भूमि सीमा महिनौँदेखि बन्द रहँदा दुवै देशका सर्वसाधारण प्रभावित भएका छन् ।

# चुनावी घोषणापत्रको 'लागत मूल्य'

**हेमन्त जोशी**

"घोषणापत्र लेख्न धेरै लागत लाग्दैन, मन चाहे लेख्दा हुन्छ । कार्यान्वयन कसरी ? र वित्तीय स्रोत के ? निःशुल्क र निर्ब्याजी विश्वास नगर्नु होला । सम्भव छैन । सिधै लिने कि घुमाएर लिने, आज लिने कि भोलि लिने भन्नेमात्रै हो", राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाशकुमार श्रेष्ठले शुक्रबार बेलुका सामाजिक सञ्जाल फेसबुकमा लेखेको धारणा हो यो ।

लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत तथा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य सुशील भट्टले त्यही सञ्जालमा बिहीबार लेखे, "म सधैँ यस्तो घोषणापत्र हेर्न चाहन्छु, जसमा महत्वाकाङ्क्षी वाचामात्र गर्नेभन्दा पनि लागतको विस्तृत मूल्याङ्कन, वित्तीय रूपमा जिम्मेवार योजना, स्पष्ट रूपमा पहिचान गरिएका लगानीका स्रोत र कार्यान्वयनका विधिहरू समावेश भएका हुन् । कार्यान्वयन कसरी गर्न सकिन्छ भन्ने विवरण त्यहाँ आओस् ।"

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि सबैजसो दल आफ्ना चुनावी घोषणापत्र सार्वजनिक गरेर मत माग्न व्यस्त छन् । लोकतन्त्रमा घोषणापत्र केबल मत माग्ने कागज नभई मतदातासँग गरिने सामाजिक करार हो । तर, लोकरिझ्याइँका आकर्षक शब्दावली, क्षमताभन्दा ठूला आकाङ्क्षा र वित्तीय स्रोत नखोजिएका हचुवाका योजना राखेर बनाइएका पुलिन्दालाई सामाजिक सञ्जालमा कटाक्ष गरेका हुन् श्रेष्ठ र भट्टले । चुनावी घोषणापत्रको 'लागत मूल्य' कति हो ? त्यो रकम कहाँबाट आउँछ ? र कसरी कार्यान्वयन हुन्छ ? जस्ता प्रश्न बौद्धिक वृत्तमा मुखरित हुने गरेको पहिलोपटक भने होइन । तर अहिले हरेक सचेत मतदाताले दल तथा उम्मेदवारहरूलाई यी प्रश्न गरिरहेका छन् ।

वि.सं. २०७२ सालको भूकम्प, भारतको नाकाबन्दी, कोभिड-१९ महामारी र अस्थिर राजनीतिका कारण निरन्तर थलिएको मुलुकको अर्थतन्त्र भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनपछि थप सङ्कटग्रस्त छ । अहिलेको आर्थिक अवस्था र बजारको मनोविज्ञानले त्यही भन्छ । लक्ष्यअनुसार राजस्व उठ्न नसकेपछि बजेटको मध्यावधि समीक्षामार्फत सरकारले आय-व्यय अनुमान घटाएको छ ।

सात महिनाको विकास खर्च केवल १५ प्रतिशतमा खुम्चिएको छ । राजस्व घटेसँगै सङ्घ सरकारबाट प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदान कटौती गरेर कुल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७० दशमलव ४३ प्रतिशतमात्रै पठाउने भनिएको छ । स्रोत जुटाउन सकस भएरै राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट चालु आर्थिक वर्षको बजेटको आकारभन्दा कम हुनेगरी करिब रु १९ खर्बको सीमाभित्र ल्याउन सरकारलाई सिफारिस गरेको छ ।

सङ्घीय सञ्चित कोष रु एक खर्ब ३० अर्बभन्दा बढी घाटामा छ । सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४५ प्रतिशत हाराहारी पुगेको छ भने साँवाब्याज भुक्तानीमा विकास बजेटभन्दा बढी खर्च हुन थालेको छ । सस्तो ब्याजदर र पर्याप्त तरलता हुँदा पनि कर्जा विस्तार ६.७ प्रतिशतमा खुम्चिएको छ । निजी क्षेत्र आफ्नो लगानीको सुरक्षा प्रत्याभूति हुन नसकेको भन्दै गुहारिरहेको छ । अर्थतन्त्रको तेस्रो खम्बा मानिने सहकारी क्षेत्र आफैँ सङ्कटमा छ । यी सबै धरातलीय वास्तविकताभन्दा पर रहेर राजनीतिक दलका घोषणापत्रले झुटो आश्वासन र पूरा गर्नै नसकिने सपना बाँडिरहेको अर्थतन्त्रका जानकारहरू बताउँछन् ।

मतदाताको ध्यान आफूतिर खिच्न दलहरूले आकर्षक नारा र कार्यक्रम ल्याउनु केही हदसम्म स्वाभाविक भए पनि कार्यान्वयनयोग्य योजना र एजेन्डाका सवालमा पर्याप्त गृहकार्य नदेखिने गरेको पूर्वअर्थमन्त्री शङ्कर कोइराला बताउँन्छ । "अहिले सबैजसो दलले आर्थिक समृद्धिको एजेन्डा अघि सारेका छन्, सुधारका मार्गचित्र ल्याएका छन्, त्यो सकारात्मक पक्ष हो," उनले भने, "तर स्रोत नखोजिकन खर्चमात्रै गर्ने विषय बढी देखिन्छन् । हामीले खर्च गर्नुअघि आम्दानी हेर्नुपर्छ । जबसम्म आम्दानीका स्रोत सुनिश्चित हुँदैनन्, तबसम्म योजना कार्यान्वयनको ग्यारेन्टी हुँदैन ।" पूर्वाधार विकासमा क्षमताभन्दा बढी महत्वाकाङ्क्षी लक्ष्य, पाँच वर्षभित्रै प्रतिव्यक्ति आय दोब्बर-तेब्बर पुऱ्याउने, तत्कालै शिक्षा-स्वास्थ्य निःशुल्क बनाउने, सामाजिक सुरक्षामा पूर्ण सरकारी जिम्मेवारी लिनेजस्ता दायित्व थप्ने योजना अव्यावहारिक आर्थिक रूपमा आधारविहीन रहेको उनको भनाइ छ । अहिलेको अवस्थामा सरकारको राजस्वले साधारण खर्चमात्र धान्न सक्ने उल्लेख गर्दै उहाँले करको दायरा विस्तार, निर्यात प्रवर्द्धन, व्यापक औद्योगिकीकरणजस्ता सुधारका काम नभएसम्म थप दायित्व सृजनामात्रै गरिरहनु अनुपयुक्त र अव्यावहारिक कदम हुने बताए ।

सबैजसो दलका घोषणापत्र वितरणमुखी कार्यक्रममा बढी केन्द्रित भएको पूर्वअर्थमन्त्री कोइराला बताउँछन । "त्यहाँ लागत-लाभको अर्थशास्त्रीय सिद्धान्त हेरिएको छैन । घोषणापत्रका योजना कार्यक्रमका लागि खर्च कहाँबाट जुटाउने र त्यसबाट लाभ कति हुन्छ भन्ने महत्त्वपूर्ण आधार नै छुटाइएको छ", उनले भने । स्रोत सुनिश्चित नगरी घोषणामात्रै गर्दा कार्यान्वयनप्रति विश्वस्त हुन नसकिने कोइरालाले उल्लेख गरे ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा डा शिवराज अधिकारी चुनावी घोषणापत्र मुलतः सम्बन्धित दलको विचार प्रस्तुत गर्ने, मतदातालाई उत्प्रेरित गर्ने र भविष्यको लक्ष्य किटान गर्ने दस्तावेज भए पनि त्यसको लागत अनुमान, स्रोत सुनिश्चितता र स्पष्ट बजेटिङ गर्ने परम्परा अझै विकास हुन नसकेको बताउँछन ।

"घोषणापत्र बनाउँदा लागत हेर्ने र बजेटिङ गर्ने चलन बलियो भएको भए ती अझ बढी वास्तविक हुन्थे । घोषणापत्रलाई यथार्थमा आधारित बनाउन भोलिका दिनमा अर्थतन्त्र कहाँ पुग्न सक्छ ? उपलब्ध स्रोत-साधनको उपयोग कसरी गरिनेछ र मुलुकको राजनीतिक अवस्था कस्तो रहन्छ भन्ने आधारभूत प्रश्नहरूको उत्तर पनि सँगै खोजिनुपर्छ", उनी भन्छन । घोषणापत्रलाई लागतको सुनिश्चितताका आधारमा मात्र नभई कार्यान्वयनको समयसीमा, स्रोत परिचालन र संस्थागत क्षमताजस्ता पक्षसमेतलाई हेरेर कार्यान्वयनयोग्य तथा वास्तविकतामा आधारित छ वा छैन भनेर मूल्याङ्कन गरिने अधिकारीको बुझाइ छ ।

वि.सं. २०४८ यताका घोषणापत्रको तुलनात्मक अध्ययन गर्दा पछिल्ला वर्षमा केही सुधार देखिएको उनको मूल्याङ्कन छ । पहिलेको तुलनामा अहिलेका घोषणापत्र लागतका हिसाबले केही यथार्थपरक बन्न खोजेको देखिन्छ । ठूला दलहरूले आफ्ना प्रतिबद्धतामा सामान्य लागत अनुमान समावेश गर्ने प्रयास गरेको उनी बताउँछन । "घोषणापत्रलाई परिस्कृत बनाउन खोजेको देखिन्छ, तर अझै पनि पूर्ण वित्तीय खाका र प्राथमिकताक्रम स्पष्ट छैनन्", उनले भने ।

अधिकांश दलले पाँच वर्षभित्र रु एक सय खर्बमाथिको अर्थतन्त्र निर्माण गर्ने लक्ष्य राखेका छन् । अधिकारीका अनुसार यो लक्ष्य पूर्णतः असम्भव भने होइन । राष्ट्रिय योजना आयोगले तयार पारेको १६ औँ पञ्चवर्षीय योजनाले पनि यस्तै आकारको अर्थतन्त्रको लक्ष्य अघि सारेको सन्दर्भ उनले स्मरण गरे । "दुई अङ्कको आर्थिक वृद्धि हासिल गर्न सकियो भने एक सय खर्बको अर्थतन्त्र सम्भव छ", उनले भने, "तर त्यो निरन्तर राजनीतिक स्थिरता, नीतिगत एकरूपता र कार्यान्वयन क्षमतामा निर्भर हुन्छ ।"

दलहरूले घोषणापत्र बनाउँदा राजनीतिक अस्थिरताको सम्भावनालाई प्रायः बेवास्ता गर्ने गरेको पनि अधिकारीले उल्लेख गरे । त्यस्तै, संविधान, नीति, ऐन-नियम तथा दलका आफ्नै मूल विधानसमेत पूर्ण रूपमा कार्यान्वयन नहुने राजनीतिक संस्कृतिले आर्थिक लक्ष्यलाई कमजोर बनाउने उनको तर्क छ । व्यवहारमा सुधार नआएसम्म घोषणापत्रमा लेखिएका लक्ष्य यथार्थमा परिणत नहुने उनले स्पष्ट पारे ।

राजनीतिक दलहरूले आफ्नै व्यवहार र कार्यशैलीबारे पनि घोषणापत्रमा स्पष्ट प्रतिबद्धता जनाउनुपर्ने उल्लेख गर्नुहुँदै उनले भने, "संविधान र कानुनका व्यवस्थाहरू कार्यान्वयनमा हामी कति सफल भयौँ ? दलका विधान कत्तिको पालना भएका छन् ? यसको आत्ममूल्याङ्कन घोषणापत्रमा समेटिनुपर्छ । आफ्नो अवस्था र व्यवहार सुधार्ने प्रतिबद्धता भएमात्र राजनीति स्थिर बन्छ ।"

दलहरू सरकारमा सँगै गए पनि एजेन्डामा एक नहुने, प्रतिशोधको राजनीति गर्ने र आर्थिक एजेन्डामा साझा धारणा नबनाउने प्रवृत्तिले विकासको गति अवरुद्ध हुने गरेको पनि उनको टिप्पणी छ । त्यस्तै, चुनावी घोषणापत्रका कार्यक्रम सरकारका विद्यमान नीति तथा योजनासँग मेल खाने-नखाने पक्ष पनि महत्वपूर्ण हुने अधिकारीले बताए । कार्यक्रममा आधारित, नतिजामुखी र प्राथमिकताक्रम स्पष्ट भएका योजनाले मात्र परिणाम दिन सक्ने उनको धारणा छ ।

राजनीतिक दलका चुनावी घोषणापत्रमा समेटिएका धेरै योजना अपत्यारिला र तिनको कार्यान्वयन गर्न आवश्यक स्रोत कहाँबाट जुटाउने भन्ने स्पष्ट उल्लेख नहुँदा कसले बढी महत्वाकाङ्क्षी योजना राखेर भ्रमपूर्ण बनाउने प्रतिस्पर्धा जस्तो देखिएको अर्थविद् डा डिल्लीराज खनालको टिप्पणी छ । खनालका अनुसार घोषणापत्र सामान्यतः केही महत्वाकाङ्क्षी हुनु स्वाभाविक भए पनि यथार्थसँग मेल नखाने लक्ष्य राख्नु उचित होइन ।

प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुऱ्याउने प्रतिबद्धताका सन्दर्भमा उनले भने, "त्यसका लागि १३-१४ प्रतिशतको आर्थिक वृद्धि चाहिन्छ । तर अहिले करिब चार प्रतिशत हाराहारीको वृद्धि भइरहेको अवस्थामा त्यो कसरी सम्भव हुन्छ ?" डा. खनालका अनुसार उन्नत लोकतन्त्र भएका मुलुकमा अघिल्लो चुनावमा गरिएका प्रतिबद्धता अर्को चुनावसम्म कति पूरा भए भन्ने मतदाताले मूल्याङ्कन गर्छन् र निर्णय गर्छन् । तर नेपालमा अघिल्लो चुनावमा लेखिएको घोषणा अर्को चुनावसम्म आइपुग्दा हराइसक्ने उनी बताउँछन । घोषणापत्रअनुसार काम भयो कि भएन भन्नेबारे मतदाताले पनि प्रश्न नगर्दा दलहरू जवाफदेही हुन नसकेको उनको बुझाइ छ । त्यस्तै, सरकारमा गएपछि सबै कुरा सुधारिन्छ भन्ने भाष्यप्रति पनि उनले चिन्ता व्यक्त गरे ।

"अर्थतन्त्रको अहिलेको अवस्था सन्तोषजनक छैन । लक्ष्यअनुसार पुँजीगत खर्च हुनसकेको छैन र बैंकिङ प्रणालीमा तरलता थुप्रिए पनि पर्याप्त लगानी हुनसकेको छैन । यस्तो परिस्थितिमा अर्थतन्त्रलाई लयमा फर्काउन अझै कम्तीमा दुई-तीन वर्ष लाग्छ", उनले भने, "दल घोषणापत्रमा आजको भोलि नै सबै ठिक हुन्छ र कालापलट गरिन्छ भन्ने तरिकाले आएका छन् । अहिलेको अवस्थालाई स्वीकार गर्दै यथार्थमा आधारित सुधारको योजना अहिलेको आवश्यकता हो ।"

सामाजिक सुरक्षालाई शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा र उत्पादन क्षेत्रसँग जोड्नुपर्नेमा रकम वितरणलाई मात्र बढावा दिनेगरी घोषणापत्रहरू आउने गरेकोप्रति पनि उनले चिन्ता व्यक्त गरे । "हामी कहाँ प्रशासनिक खर्च र सामाजिक सुरक्षाको दायित्व ठूलो छ । तर यो रकमले राष्ट्रिय पुँजी निर्माणमा कति योगदान गरिरहेको छ भन्ने मूल्याङ्कन भएको छैन", उनले भने । सामाजिक सुरक्षालाई राजनीतिकरण गर्दै वितरणमुखी बनाउने प्रवृत्ति बढिरहेको पनि उहाँको टिप्पणी छ ।

यसरी स्रोत सुनिश्चितता, लागत-लाभ विश्लेषण र राजनीतिक जवाफदेहिताबिनाको महत्वाकाङ्क्षी घोषणापत्र दलहरूको संस्कृति र मतदाताको नियति बनिसकेको छ । चुनावका बेला दलहरू आर्थिक समृद्धि, उच्च वृद्धिदर, प्रतिव्यक्ति आयवृद्धि, निःशुल्क सेवा र विस्तारित सामाजिक सुरक्षाजस्ता आकर्षक लक्ष्य त राख्छन् तर त्यसका लागि आवश्यक राजस्व विस्तार, लगानी वातावरण, संस्थागत सुधार, राजनीतिक स्थिरताजस्ता बहुआयामिक पक्षको यथार्थ मूल्याङ्कन गर्दैनन् ।

वर्तमान परिदृश्यमा राजस्वले साधारण खर्च मात्र धान्ने अवस्था, कमजोर पुँजीगत खर्च, पर्याप्त तरलता हुँदाहुँदै पनि न्यून लगानी, वितरणमुखी सामाजिक सुरक्षा र अघिल्ला प्रतिबद्धताप्रति मतदाता तथा दल दुवैको कमजोर अनुगमन संस्कृतिले घोषणापत्रहरू व्यवहारिक रूपमा कार्यान्वयनयोग्य बन्न सकेका छैनन् । यद्यपि, युवा पुस्ताको सक्रियता र 'जेनजी' आन्दोलनका कारण नीति कार्यान्वयन र सेवा प्रवाह सुधारको प्रतिबद्धता घोषणापत्रमा देखिएको उनीहरूको बुझाइ छ ।

त्यस्तै, पुराना कार्यक्रमको प्रभाव मूल्याङ्कनबिनै नयाँ-नयाँ योजना घोषणा गर्ने र दायित्वमात्रै थपिरहने प्रवृत्तिलाई हटाउन सकिएको

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ भने सम्पादित कामको मूल्यांकनले जिम्मेवारी समेत दिलाउनेछ ।

**वृष** – प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ ।

**मिथुन** – मिहिनेत परे पनि भाग्यले साथ दिने हुँदा उपलब्धिका स्रोत पहिल्याउन सकिनेछ । चुनौती र व्यवधानहरू पार लाग्नेछन् । मिहिनेत गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ ।

**कर्कट** – सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ । व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोपनीयता बाहिरिनाले काम दोहोर्याउनुपर्ला ।

**सिंह** – घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ ।

**कन्या** – शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ ।

**तुला** – अवसर प्राप्त हुनुका साथै भाग्यले साथ दिनेछ । प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछ् । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ ।

**वृश्चिक** – आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ ।

**धनु** – सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । प्रतिस्पर्धीहरू पछि पर्नेछन् । मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ ।

**मकर** – द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। वादविवादले काममा बाधा पुर्याउनेछ, सजग रहनुहोला। अरूको वचन हार्न नसक्दा दुःख पाइनेछ ।

**कुम्भ** – नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ ।

**मीन** – करकापमा परी काममा जुट्नुपर्ने अवस्था रहनेछ । परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ । खर्च तथा विवाद बढ्ने समय रहेकोछ ।

## प्रभावहिन...

सामाजिक सञ्जाल वा विद्युतीय माध्यमहरू प्रयोग गर्न सकिन्छ । त्यस्तै, आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोलीसमक्ष उजुरी दिन सकिने व्यवस्था छ। यसरी आएका उजुरीमा आचारसंहिता उल्लंघन भएको ठहर भए एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ।

महिलामाथि अश्लील वा घृणित टिप्पणी गर्ने कार्यमा उम्मेदवार संलग्न भए उसको उम्मेदवारी रद्द हुनुका साथै निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही हुने स्पष्ट व्यवस्था छ। तर प्रभावहिन आचारसंहिताका कारण सामाजिक सञ्जालमा अराजकता मौलाउँदै गएको छ।

निर्वाचन आचारसंहिता मात्र होइन, साइबर अपराध र मानहानि सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन निष्प्रभावी हुँदा महिला उम्मेदवारमाथि साइबर आक्रमण छताछुल्ल बनिरहेको एमाले नेतृ बराल बताउँछिन्। चुनावको समयमा होस् वा अन्य समयमा सामाजिक सञ्जाल वा प्रविधिको प्रयोग गरी महिलामाथि हुने प्रहारले उनीहरुको व्यक्तिगत, पारिवारिक र सामाजिक प्रतिष्ठामाथि गम्भीर आँच आइरहेको उनले बताइन।

'हामी कहाँ सामाजिक प्रयोगकर्ताहरुमा डिजिटल साक्षरता एकदमै कम देखिन्छ,' उनी भन्छिन्, 'सामाजिक सञ्जाल सबैको साझा थलो हो, लेख्न र बोल्न पाए भन्दैमा जे पायो त्यही लेख्नेलाई कारवाही गर्ने संयत्रहरु कमजोर हुँदाको असर महिलालाई परेको छ।'

## चुनावी...

छैन । दलअनुसार घोषणापत्र, प्रतिबद्धतापत्र वा वाचापत्रजस्ता नाम परिवर्तन भए पनि सोचमा मौलिक परिवर्तन आवश्यक छ । घोषणापत्रको आवरण परिवर्तनले मात्र पुग्दैन। अब, नीतिगत निरन्तरता, संस्थागत अनुशासन र राजनीतिक संस्कारमा सुधार अपरिहार्य बनिसकेको छ।

**राजनीतिक दलका घोषणापत्रमा मुख्य आर्थिक एजेन्डा**

**१. नेपाली कांग्रेसको चुनावी प्रतिज्ञापत्र**

नेपाली कांग्रेसले आगामी पाँच वर्षलाई 'आर्थिक पुनरुत्थानको अर्धदशक' घोषणा गर्दै दोस्रो पुस्ताको आर्थिक सुधारमार्फत नेपालको अर्थतन्त्रलाई रु ११५ खर्ब र प्रतिव्यक्ति आय अमेरिकी डलर २५ सय पुर्‍याउने जनाएको छ। यसका लागि कुल रु १३७ दशमलव पाँच खर्बको लगानी परिचालन गर्ने र त्यसमा ८० प्रतिशत निजी क्षेत्रबाट लगानी जुटाइने उल्लेख छ। नेपालको अर्थतन्त्रलाई 'प्रो-प्राइभेट, प्रो-ग्रोथ र प्रो सोसल बनाउन उदार अर्थतन्त्र, उत्पादनमुखी अर्थतन्त्र र न्यायमूलक अर्थतन्त्रलाई तीन मुख्य स्तम्भका रूपमा चित्रित गरिएको छ।

त्यस्तै, सरकार फेरिँदा नीति नफेरिने गरी प्रमुख दलहरूबीच ' न्यूनतम साझा आर्थिक एजेन्डा'मा राष्ट्रिय सहमति कायम गर्ने पनि कांग्रेसको चुनावी प्रतिज्ञापत्रमा उल्लेख छ। करका दर र शर्तहरू कम्तीमा १०-१५ वर्ष स्थिर रहनेगरी 'स्टाबिलिटी क्लज' सहितको कानुनी ग्यारेन्टी गर्ने, नवीन सोच भएका युवा तथा महिला उद्यमीका लागि बिनाधितो परियोजनाकै आधारमा रु पाँचदेखि ५० लाखसम्मको कर्जा उपलब्ध गराउने, कृषि बीमाको प्रिमियममा ९० प्रतिशतसम्म अनुदान दिनेलगायतका योजना कांग्रेसका छन्।

त्यस्तै, हचुवाका भरमा बजेट विनियोजन गर्ने र खर्च हुन नसक्ने पुरातन शैलीलाई अन्त्य गर्दै तथ्यमा आधारित बजेट निर्माण, न्यायपूर्ण कर प्रणाली र फजुल खर्चको कटौतीमार्फत वित्तीय सुशासन कायम गरिने पनि प्रतिज्ञापत्रमा उल्लेख छ। करको भारबाट सर्वसाधारणलाई राहत दिन व्यक्तिगत आयमा सुरुको रु १० लाखसम्म आयकर नलाग्ने व्यवस्था गर्ने, व्यक्तिगत आयकरको अधिकतम दर २५ प्रतिशतभन्दा बढी नबढ्ने, संस्थागत आयकरलाई २० प्रतिशतमा झार्ने, मूल्य अभिवृद्धि कर (भ्याट)को विद्यमान १३ प्रतिशतको एकल दरलाई १० प्रतिशतमा झार्नेलगायत योजना राखिएका छन्। युवा उद्यमीका लागि २५ प्रतिशत अनुदान, ५० प्रतिशत सहुलियतपूर्ण ऋण र २५ प्रतिशत स्वलगानीको मोडल कार्यान्वयन गर्ने पनि कांग्रेसको योजना छ।

**२. नेपाल कम्युनिष्ट पार्टी (एमाले)को घोषणापत्र**

प्रतिनिधिसभा निर्वाचन-२०८२ का लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले चुनावी घोषणापत्र जारी गर्दै १८ देखि २८ वर्षसम्मका लागि हरेक महिना १० जिबी इन्टेरनेट डाटा निःशुल्क दिने, विप्रेषण पठाउने श्रमिकको बैंक खातामा वार्षिक बोनस रु पाँच हजार थप्ने, २० लाख विद्यार्थीलाई निर्ब्याजी ऋण उपलब्ध गराउने, प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई रु २० लाखसम्म निर्ब्याजी ऋण दिनेलगायतका योजना सार्वजनिक गरेको छ। त्यस्तै, १० कक्षासम्म दिवाखाजा, रु २५ हजारसम्मको ऋण मिनाहा, रु २० हजारसम्मको सुत्केरी पोषण भत्ता, रु २० लाखसम्मको उद्यमी महिला निर्ब्याजी ऋणलगायतका योजना घोषणापत्रमा परेका छन्।

कृषिको उत्पादकत्व, विद्युत् उत्पादन क्षमता, खनिज तथा औद्योगिक उत्पादन, सूचना प्रविधि र भौतिक पूर्वाधार निर्माणमा फड्को मार्दै सात प्रतिशतदेखि नौ प्रतिशतसम्मको आर्थिक वृद्धिद्वारा अर्थतन्त्रको आधार पाँच वर्षमा रु एक सय खर्ब र १० वर्षमा रु दुई सय खर्बको पुर्‍याउने भनिएको छ। प्रतिव्यक्ति आय पाँच वर्षमा करिब अमेरिकी डलर तीन हजार पुर्‍याउने भनिएको छ। पूर्वाधारका क्षेत्रमा पूर्वपश्चिम रेलमार्ग १० वर्षमा सम्पन्न गरी सञ्चालन गर्ने, नेपाल-भारत अन्तरदेशीय रेलमार्ग पाँच वर्षमा सम्पन्न गर्ने, पूर्वपश्चिम राजमार्गलाई एक्सप्रेस वेमा स्तरोन्नतिजस्ता योजना अघि सारिएका छन्।

**३. नेपाली कम्युनिष्ट पार्टीको प्रतिबद्धतापत्र**

आगामी पाँच वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यका साथ नेपाली कम्युनिष्ट पार्टीले आफ्नो चुनावी प्रतिबद्धतापत्र तयार पारेको छ। अहिलेको २०.१५ प्रतिशतको बहुआयामिक गरिबीलाई पाँच वर्षमा १० प्रतिशतमा झार्ने, प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक पाँच लाख रोजगारी सुनिश्चित गर्ने, विपन्न पिछडिएका र सीमान्तकृत समुदायका लागि विशेष रोजगारी कार्यक्रम लागू गर्नेलगायतका योजना पनि यो दलले आफ्नो चुनावी घोषणापत्रमा राखेको छ।

धान, गहुँ, मकै, तरकारी, फलफूल, उखु, दूध, मासु, मत्स्यमा दुई वर्षभित्र आत्मनिर्भर हुने, दुई वर्षभित्र देशलाई भोकमुक्त नेपाल घोषणा गर्ने, पाँच वर्षभित्र ८० प्रतिशत सिँचाइयोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्ने तथा १० हजार सोलार सिँचाइ पम्प जडान गर्ने, स्टार्टअप उद्यमलाई निःशुल्क दर्ता तथा पाँच वर्षसम्म कर छुट दिने लगायतका एजेन्डा ल्याइएका छन्।

**४. राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्र**

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो चुनावी वाचापत्र २०८२ मार्फत रुपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधार प्रस्तुत गरेको छ। नेपाललाई 'सम्मानजनक मध्यम आय भएको मुलुक बन्न अर्को पाँच वर्ष औसत आर्थिक वृद्धिदर स्थिर मूल्यमा वार्षिक सात प्रतिशत कायम गर्ने जनाइएको छ। यसका आधारमा पाँचदेखि सात वर्षभित्रै प्रचलित मूल्यमा प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार एक सय खर्ब नाघ्ने लक्ष्य लिइएको छ।

पारिवारिक भारका आधारमा आयकरको सीमा पुनरावलोकन गर्ने, राष्ट्रिय गौरवका आयोजनालाई आगामी दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने, आगामी पाँच वर्षमा थप १० आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गरी कार्यान्वयनमा लैजाने, सरकार गठन भएको एक सय दिनभित्र समस्याग्रस्त सहकारीका सबै साना बचतकर्ताको रकम बचत खातामा फिर्ता गर्नेलगायतका योजना ल्याइएका छन्।

**५. राष्ट्रिय प्रजातन्त्र पार्टीको सङ्कल्प पत्र**

राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो चुनावी घोषणापत्रमार्फत 'नयाँ चरणको आर्थिक सुधार ३.०' को आवश्यकता औंल्याउँदै कल्याणकारी राष्ट्रवाद र संरक्षणकारी विकासवादको नीति लिइने जनाएको छ।

आगामी पाँच वर्षभित्र आर्थिक वृद्धिदरलाई सात प्रतिशतभन्दा माथि पुर्‍याउने, करको संरचना र दायरामा सुधार गर्ने, दोहोरो करको अन्त्य गर्ने, 'रेअर अर्थजस्ता रणनीतिक वस्तु उत्पादनको सम्भावना खोजी गर्ने, लगानीमैत्री नेपाल कार्यक्रमअन्तर्गत लगानी प्रवर्द्धन दशक घोषणा गर्ने, राष्ट्रिय हितलाई ध्यानमा राखी आवश्यकता र प्राथमिकताका आधारमा मात्रै अन्तरराष्ट्रिय विकास सहायता र ऋण लिने निर्क्यौल गरिने लगायतका प्रावधानहरू सङ्कल्पपत्रमा राखिएका छन्।

वि.सं. २०२५ भित्र २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्न कार्ययोजना बनाउने, पाँच वर्षभित्र सबै सरकारी सेवालाई पूर्ण रूपमा कागजविहीन बनाउनेजस्ता योजना पनि यो दलको चुनावी घोषणापत्रमा परेका छन्।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र**
वीरेन्द्रनगर, सुर्खेत

**पुन सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सम्वन्धी सूचना**

**प्रकाशित मिति : २०८२/११/११**

यस केन्द्रबाट मिति २०८२।१०।१५ र २०८२।१०।१९ गते युग आव्हान दैनिकमा प्रकाशित ठेक्का नं PAHARC/SKT/G/SQ/01/082-083, Procurement and Supply of Raw Materials of Ayurveda Medicine को दरभाउपत्र सम्वन्धि सूचना अनुसार विधुतिय दरभाउपत्र (e-bidding) प्रणाली मार्फत म्याद भित्र दर्ता भएको दरभाउपत्रदाताहरुको दरभाउपत्रको मुल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (९क) बमोजिम भएको देखिकोले नियमावलीको नियम ८४ (३क) बमोजिम पुन दरभाउपत्र आव्हान गर्ने भनी मिति २०८२।११।१० को निर्णय भए अनुसार उल्लेखित खरिदका लागि १५(पन्ध्र) दिनको म्याद राखि पुन विधुतिय दरभाउपत्र आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# हौसला पाए अपाङ्गता भएका व्यक्ति पनि सफल बन्न सक्छन्

**टेकराज केसी/रासस**
**सुर्खेत, १० फागुन ।**

कैलालीको गोदावरी नगरपालिका-७ जमुनानगरकी देवी पाठक डोटीको आदर्श गाउँपालिकामा विसं २०६१ मङ्सिर २९ गते जन्मिनुभएकी उहाँ न्यून दृष्टिविहीन हुनुहुन्छ। जन्म डोटीमा भए पनि घरको आर्थिक अवस्था कमजोर भएपछि बसाइँसराइ गरी परिवार कैलालीमा आएपछि उहाँको बाल्यकाल कैलालीको गोदावरी नगरपालिका जमुनानगरमा बित्यो।

जन्मदै न्यून दृष्टिसम्बन्धी अपाङ्गता भएकी देवीको बाल्यकाल त्यति सहज थिएन। एकातिर घरको आर्थिक अवस्था कमजोर थियो भने अर्कोतर्फ अपाङ्गता भएको व्यक्ति भनेर समाजमा अपहेलना गरिन्थ्यो। त्यसका बावजुद पनि उहाँले आफ्नो शिक्षा प्रारम्भ गर्नुभयो। गाउँकै दुर्गा भवानी माध्यमिक विद्यालयमा आफ्नो पढाइ थालनी गर्नुभएका देवी कक्षामा सधैँ उत्कृष्ट हुनुहुन्थ्यो।

**पढाइ रोक्न दबाब**

देवीले पढाइसँगै अतिरिक्त क्रियाकलापमासमेत रुचि राख्ने गर्नुहुन्थ्यो। उहाँको कक्षा ८ को परीक्षा चलिरहेको थियो। उहाँलाई अब पढाइ रोक्नुपर्ने दबाब घरपरिवार र गाउँसमाजबाट आउन थाल्यो।

देवीले भन्नुभयो, "एकातिर घरको आर्थिक अवस्था कमजोर थियो, अर्कोतर्फ दृष्टिसम्बन्धी अपाङ्गता भएर होला पढेर के हुन्छ र ? भन्ने प्रश्न गरिन्थ्यो। अनि घरमा आमाबुवाले पनि अब नपढ्ने भनेर निर्णय गरेपछि म धेरै रोएँ। त्यसपछि मेरो पढेर असल र सामाजिक मानिस बन्ने मेरो सपनामा ब्रेक लाग्न थाल्यो। म धेरै समय रोएरै दिन बिताएँ।"

घरको आर्थिक अवस्था पनि कमजोर थियो। देवी बुवाआमाले भनेअनुसार पढाइ छोड्ने निर्णयमा पुग्नुभयो। उता कक्षा ८ को नतिजा सार्वजनिक भयो। उहाँ उत्कृष्ट नतिजा ल्याएर पास हुनुभयो। पास भए पनि उहाँले आफ्नो पढाइ रोक्ने भनेर घरमा बस्न थालिसक्नुभएको थियो।

**परिलक्षित संस्थाको सहयोगले पढाइमा निरन्तरता**

घरको आर्थिक अवस्था कमजोर भएकाले देवीले आफू पढ्ने धोको हुँदाहुँदै पनि पढाइ रोक्ने निर्णयमा पुग्नुभएको थियो। सँगै न्यून दृष्टिविहीन हुनु पनि उहाँका लागि समस्या भएको थियो। "घरको आर्थिक अवस्था कमजोर भएकाले पढेर के गर्न सक्छे र ? भन्ने प्रश्न समाजबाट आउथ्यो। म पनि अब पढ्दिन भन्ने सोचमा पुगेकी थिएँ। एक दिन हाम्रै गाउँका एकजना पुष्पा रोकाय भन्ने दिदीसँग भेट भयो। उहाँले अपाङ्गताको क्षेत्रमा काम गर्नुहुँदो रहेछ। दिदीले आर्थिक अवस्था कमजोर भएका र अपाङ्गता भएका व्यक्तिलाई परिलक्षित संस्थाले छात्रावृत्ति दिन्छ भनेर सुनाएपछि म एकदमै खुसी भएँ।"

परिलक्षित संस्थाले आर्थिक अवस्था कमजोर भएका, अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहयोग गर्ने थाहा पाएपछि उहाँले आवेदन दिन भनेपछि आफूले आवेदन दिएको देवीले स्मरण गर्नुभयो।

"आवेदनपछि म छनोट भएँ। छात्रावृत्ति पाउने भएपछि पढाइले निरन्तरता पाउनेमा ढुक्क भएँ। त्यो दिन मेरो खुसीको सीमा थिएन", उहाँले भन्नुभयो, "रोकिन लागेको पढाइलाई निरन्तरता दिन पाउने भएपछि मैले ९ कक्षामा भर्ना भएँ। मलाई झनै उत्साह थपियो अनि २०७५ सालमा एसइई पास भएपछि आमाबुवा पनि खुसी हुनुभयो।"

परिलक्षित संस्थाले शैक्षिक सहयोग कार्यक्रमअन्तर्गत शिक्षा आर्जनका लागि सबै खर्च व्यहोर्ने गरेको भन्दै आफूजस्ता धेरै व्यक्ति यो कार्यक्रमबाट लाभान्वित भएका देवीले बताउनुभयो। छोरीको सङ्घर्ष, मेहनतमा परिलक्षितले गरेको सहयोग आफ्ना लागि अवसरका रूपमा आएको देवीकी आमा सरुदेवी पाठक र बुवा नवराज पाठकले बताउनुभयो। उहाँहरूले हौसला र अवसर पाएमा अपाङ्गता भएका व्यक्ति पनि सफल बन्न सक्ने भएकाले समाज, घरपरिवारले उपेक्षा गर्न नहुने धारणा राख्नुभयो।

**काम गर्दै पढ्दै**

एसइई पासपछि उहाँ बैंकर बन्ने लक्ष्यका साथ प्लस टु भर्ना हुनुभयो। उहाँले लेखा विषय पढ्नुभएको छ। अहिले घरपरिवार, समाज सबैले उहाँलाई हौसला प्रदान गर्नुहुन्छ। अहिले उहाँले पढ्दै अपाङ्गताको क्षेत्रमा पैरवी पनि गर्नुहुन्छ।

उहाँले केही सङ्घसंस्थामा आफ्नो क्षेत्रअनुसार काम गर्न थाल्नुभयो। देवी अहिले स्नातक तह पूरा गर्ने तयारीमा हुनुहुन्छ। उहाँ अहिले अपाङ्गता एकता समाज कैलालीमा लेखापाल पदमा कार्यरत हुनुहुन्छ भने उहाँले अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि पैरवी गर्दै आउनुभएको छ।

नेपाल अपाङ्गता महिला सङ्घ कैलालीको अध्यक्षसमेत रहनुभएकी देवीले अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि पैरवी गर्दै सरकारी सेवामा प्रवेश गर्ने योजनासहित तयारी गरिरहनुभएको छ।

**Gauriganga Municipality**
**Office of Municipal Executive**
Sudurpaschim Pradesh, Nepal

**Invitation for Sealed Quotations**

**Invitation of bids for Various Civil Works under Sealed Quotations at Gauriganga Municipality**
**Date of publication: 2026/02/23, Falgun 11th 2082**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under Sealed Quotations Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GGM/WORKS/SQ/ 13/2082/083 | Nagarpalikaa Prawesh Garne Approach Marga Tatha Gol Ghar Nirman kaarya Gauriganga Nagarpalika Chaumala, Kailali | 15,69,364.52/- NRS | 45,000/-NRS | 1000/- NRS | |
| 2 | GGM/WORK/SQ/ 14/2082/083 | Judhiya Taal Sanrakshan Tatha Paryatan Prawardan ward no 4 | 13,09,684.44/- NRS | 37,500/-NRS | 1000/- NRS | |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2026/03/10, 26th Falgun 2082. Detail Notice is published in the website of The Municipality.

**Undersecretary**

**राप्ती सोनारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/११/११**

यस कार्यालयबाट मिति २०८२/०९/२७ मा विधुतीय खरिद प्रणालीवाट बोलपत्र आह्वान भएकोमा पेश हुनआएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम कबोल अंक सारभुत रुपमा प्रभावग्राही भएको हुदा स्वीकृतिको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| 1 | RSRM/WORKS/ 2082-2083/21 | Organic Hotel Dekhi Sarswti Ma. VI. Guruwa Gawan Bato Kalopatre Karmahgat, Raptisonari-09, Banke | K K Buildeers Raptisonari-9, Banke | रु.19,३४,८४९.९२/- |
| 2 | RSRM/WORKS/ 2082-2083/22 | Shikta Gawan Ko Bato Satunati ,Rap-tisonari-01, Banke | Aama Buba Niraman Sewa Bhairavi-6, Dailekh | रु.१५,९९,९९९.०५/- |
| 3 | RSRM/WORKS/ 2082-2083/23 | Chilarriaya Dekhi Lalahi Jane Bato PCC ,Raptisonari-05, Banke | Giri Niramn Sewa Raptisomari-4, Banke | रु.२०,१२,५१२.५६/- |
| 4 | RSRM/WORKS/ 2082-2083/24 | ward 2 ka bhebena yojana haru, Raptisonari-02, Banke | Raksha Devi construction pvt.ltd raptisonari 8 banke | रु.४७,६९,६८१.६२/- |
| 5 | RSRM/WORKS/ 2082-2083/25 | Ambeer Jyoti Ma. Vi. Dekhi Bhitri Bato Estre Unnaite, Raptisonari-07, Banke | Siva Construction Raptisonari-6, Banke | रु.११,५५,१७९.४२/- |
| 6 | RSRM/WORKS/ 2082-2083/26 | Different Work in ward no 3, Raptisonari-03, Banke | Karki Nirman Sewa, Raptisonari-08 , Banke | रु. 18,32,627.42/- |
| 7 | RSRM/WORKS/ 2082-2083/27 | Biddhyalaya Bhautik Purbadhar Niramn Marmat Sambhar ra Gypsum Bebasthapan, Raptisonari, Banke | Aama Buwa Nirmaan Sewa Bhairabhi-6, Banke | रु.४५,९७,४१८.४२/- |

# छायाँनाथ रारा नगरपालिकामा श्रम बैंक

**◣युग संवाददाता**
**मुगु, १० फागुन ।**

श्रमबाटै सम्मृद्धि सम्भव हुन्छ भन्ने उद्देश्यले छायाँनाथ रारा नगरपालिकाले श्रम बैंक खोल्नेसम्बन्धी कार्यविधि पारित गरेको छ । नगर प्रमुख विष्णुकुमार भामले उक्त कार्यविधि राजपत्रमार्फत सार्वजनिक गरेका हुन ।

नगर प्रमुखमा निर्वाचित भएदेखि प्रत्येक शनिबार नगरक्षेत्रका विभिन्न स्थानमा श्रमदानमा खटिँदै आएका प्रमुख भामले श्रमदानलाई निरन्तरता दिन, श्रमदान संस्कृति जोगाइराख्न र कम लागतका सानातिना समस्या श्रमदानबाटै समाधान गर्नका लागि कार्यविधि ल्याइएको बताए ।

यसअघि स्वतःस्फूर्त रुपमा श्रमदान गर्न स्थानीय, कर्मचारी, सुरक्षाकर्मी, व्यवसायी सहभागी भए पनि को-को आए, कति घण्टा काम गरे, कतिपटक श्रमदानमा सहभागी भए भन्ने तथ्याङ्क राख्ने गरिएको थिएन । अब नगरपालिकामा सबै श्रमदान गर्नेहरुको रेकर्ड राखिनेछ । "यो कामको जिम्मेवारी रोजगार शाखाले हेर्नेछ र शाखा मातहतमै श्रमदान बैंक स्थापना हुनेछ", उनले भने ।

## निष्प्रभावी...

र नक्कली एकाउण्टबाट बढी आक्रमणमा परेको गुनासो उनले गरिन । निर्वाचनका कारण दैनिक थेग्नै नसक्ने गरी नकरात्मक कमेन्ट आउन थालेपछि उनले स्क्रनसर्ट गरेर चुनावपछि कानुनी उपचार खोज्ने बताइन । नेपाली कांग्रेसको तर्फबाट दैलेख क्षेत्र नम्बर १ को उम्मेदवार बनेकी बासना थापालाई भने अनलाईनमा खासै दुर्व्यवहार व्यहोर्नु परेको छैन । चुनावको प्रचारकै क्रममा रहेकी थापाले सामाजिक सञ्जालमा महिलामाथि अनावश्यक हिंसाजन्य शब्द प्रयोग गर्ने जोसुकैलाई पनि कानुनअनुसार कारवाहीको दायरामा ल्याउन नियामक निकायले ठोस कदम चाल्नुपर्ने बताउँछिन् ।

# Birendranagar Municipality
# Office of The Municipal Executive

**Birendranagar, Surkhet**
**Karnali province, Nepal**

## Invitation For Bids


**(First Date of publication: - 2082.11.11 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111 & PPMO website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Estimated Amount (Excluding VAT & Including PS) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | SQ/BM/ WORKS/ 082/083/18 | Dip Nagar Airport Chowk Dekhi Karna Rawatko Ghar Samma Sadak Pitch, Birendranagar 10, Surkhet | NRs. 1000/- | NRs.13,04,865.83 | NRs.32,650.00 | 2082.11.25, 12:00 Hr | 2082.11.25, 14:00 Hr |
| 2 | NCB/BM/W/ 082/083/61 | Ward Karyalaya Nalkhola Mukhya Sadak Ko Karai Khola Skul Najik Staronnati (Ward Gaurav) Birendranagar 13, Surkhet | NRs. 3000/- | NRs.25,93,931.03 | NRs.65,000.00 | 2082.12.10, 12:00 Hr | 2082.12.10, 14:00 Hr |
| 3 | NCB/BM/W/ 082/083/62 | Ghatupani Sichai Yojana, Birendranagar 13, Surkhet | NRs. 3000/- | NRs.18,37,923.97 | NRs.46,000.00 | 2082.12.10, 12:00 Hr | 2082.12.10, 14:00 Hr |
| 4 | NCB/BM/W/ 082/083/63 | Pipal Chautara Dekhi Guptipurko Pani Tanki Samma Adhuro Sadak Kalopatre, Ward Karyalaya Dekhi Bidhyalaya Samma Sadak Birendranagar 13, Surkhet | NRs. 3000/- | NRs.72,00,291.69 | NRs.1,80,000.00 | 2082.12.10, 12:00 Hr | 2082.12.10, 14:00 Hr |
| 5 | SQ/BM/ WORKS/ 082/083/17 | Lagansil Tole Duryapane khola Culvert Construction Work, Birendranagar-1, Surkhet | NRs. 1000/- | NRs. 12,57,814.15 (Including VAT & PS) | NRs.32,700.00 | 2082.11.25, 12:00 Hr | 2082.11.25, 14:00 Hr |
| 6 | NCB/BM/W/ 082/083/60 | Construction of ward Office building, Birendranagar-1, Surkhet | NRs. 3000/- | NRs. 9,802,751.76 (Including VAT & PS) | NRs. 2,54,872.00 | 2082.12.10, 12:00 Hr | 2082.12.10, 14:00 Hr |

**Chief Administrative Officer**







**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।